**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्या ०२ मितिः २०७९/०७/१८

## भाग २

## धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

## धवलागिरि गाउँपालिकाको

# छात्रवृति सम्बन्धी कार्यविधि, २०७९

**कार्यपालिका बाट स्वीकृत मिति :** २०७९/०७/१८

**राजपत्रमा प्रकाशित मिति :**२०८०/०१/२८

# धवलागिरी गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्ती सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

गाँउपालिकाबाट गाँउपालिका भित्रका जेहेन्दार, गरिब एवं असहाय विद्यार्थीहरुको लागि प्राविधिक तर्फ उच्च शिक्षा अध्ययन गर्नको लागि उत्प्रेरणा प्रदान गर्न एवं यस पालिका भित्र दक्ष जनशक्ति उत्पादन गर्न वाञ्छनिय भएकोले गाँउ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम" धवलागिरी गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्ती सम्बन्धी कार्यविधि,2079" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "छात्रवृत्ति" भन्नाले प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययनको लागि गाँउपालिकाबाट प्रदान गरिने आर्थिक अनुदान वा सुविधालाई सम्झनु पर्नेछ ।

(ख) "सरकार" भन्नाले सामान्यतया धवलागिरी गाँउपालिकालाई सम्झनु पर्दछ र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउनेछ ।

(ग) "गाँउपालिका" भन्नाले धवलागिरी गाँउपालिकालाई सम्झनु पर्छ ।

(घ) "छात्रवृत्ति निर्धारण समिति" भन्नाले दफा ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ ।

(ङ) "छनौट समिति" भन्नाले नियम ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ ।

(च) "मुल विषय" भन्नाले छात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ ।

(छ) "परीक्षा" भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनु पर्छ ।

(ज) "विगो निर्धारण समिति" भन्नाले दफा २५ बमोजिमको छात्रवृत्ति सम्बन्धी विगो निर्धारण समिति सम्झनु पर्छ ।

३. **छात्रवृत्तिको विषय स्वीकृत गर्नु पर्ने** : (1) प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम बनाँउदा गाँउपालिकाबाट दिइने विभिन्न किसिम तह वा स्तरको छात्रवृत्तिको विवरण सामान्य प्रशासन तथा जनशक्ति विकास शाखाले तयार पारी प्रमुख प्रशासकिय अधिकृत गाँउ कार्यपालिका समक्ष पेश गर्नेछ ।

(2) उपदफा (1) बमोजिम प्राप्त भएको प्रस्तावलाई गाँउ कार्यपालिकाले अनुकूल चाहिने जनशक्तिको आधारमा विश्लेषण गरी छात्रवृत्तिको विषय स्वीकृत गर्नेछ ।

(3) दफा(2) बमोजिम विषय स्वीकृत भएपछि सामान्य प्रशासन तथा जनशक्ति विकास शाखाले स्वीकृत गरिएका छात्रवृत्तिको विषय, अध्ययन वा तालिमको निमित्त उपयुक्त शैक्षिक संस्था, तालिमको स्तर, अवधि र संख्या, उम्मेदवार खुला प्रतियोगिता वा अन्य छनौटको विधि अवलम्बन गरी कसरी छनौट गर्ने हो सो समेत खुलाई प्रमुख प्रशासकिय अधिकृत मार्फत गाँउपालिकामा पठाउनेछ ।

(4) उपदफा(3) बमोजिम स्वीकृत भएका विषय मध्ये स्वदेशमै अध्ययन वा तालिमको व्यवस्था भए/नभएको जाँची जिल्ला भित्र वा स्वदेशमा अध्ययन वा तालिमको व्यवस्था भए/नभएको एकिन गरी स्वदेशमा भएका संस्थामा अध्ययन वा तालिम प्रदान गर्न कारबाही गर्नेछ।

**४. पहिले नै प्राप्त भै सकेका छात्रवृत्तिको विषय स्वीकृति सम्बन्धी व्यवस्था:**

गाँउपालिकाबाट छात्रवृत्ति माग हुनुभन्दा अगावै संघीय सरकार वा प्रदेश सरकार वा अन्य कुनै संस्थाबाट कुनै विषयमा अध्ययन वा तालिमका लागि छात्रवृत्ति प्राप्त भएमा र सो छात्रवृत्ति राष्ट्रिय योजना अनुकूल देखिएमा गाँउ कार्यपालिकाले त्यस्तो छात्रवृत्तिको विषय स्वीकृत गरी त्यस्तो छात्रवृत्तिमा खुल्ला प्रतियोगिता वा अन्य तरिका जुन प्रक्रियाबाट उम्मेदवार छनौट हुने हो सो समेत खुलाई निर्णय गर्नेछ।

५. **स्वीकृत नभएको विषयमा छात्रवृत्तिमा नपठाउने**: दफा(3) वा (4) मा लेखिए देखि बाहेक गाँउ कार्यपालिकाबाट विषय स्वीकृत नभएको छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालिमको निमित्त पठाइने छैन।

६. **छात्रवृत्ति निर्धारण समिति:** (1) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति निति निर्धारण समिति रहनेछ।

(क) गाँउपालिकाको अध्यक्ष: अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत: सदस्य

(ग) सामाजिक विकास समिति संयोजक: सदस्य

(घ) गाँउपालिकाको शिक्षा शाखा प्रमुख: सदस्य

(ङ) गाँउपालिका स्थित मुख्य मा.वि.स्तरको विद्यालयको प्रध्यानाध्यापक: सदस्य

(च) अध्यक्षले तोकेको गाँउ कार्यपालिकाको सदस्य 1 जना: सदस्य

(छ) सामान्य प्रशासन तथा जनशक्ति विकास शाखाको प्रमुख: सदस्य सचिव

(2) छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा सम्बन्धीत क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(3) छात्रवृत्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार: छात्रवृत्ति निर्धारण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने।

(ख) छात्रवृत्ति प्राप्त गर्न आवश्यक कारबाही गर्ने।

(ग) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरु बीच समन्वय कायम गर्ने।

(घ) छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने।

(ङ) परीक्षा सम्बन्धी आचारसंहिता बनाई लागु गर्ने।

(च) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने।

८. छात्रवृत्ति छनौट समिति: (1) खुल्ला प्रतियोगिताद्वारा छात्रवृत्ति छनौट गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ,

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी: अध्यक्ष

(ख) गाँउपालिकाले मनोनयन गरेका १ जना विशेषज्ञ: सदस्य

(ग) शिक्षा शाखा प्रमुख: सदस्य सचिव

(2) उपदफा (1) को खण्ड (ख) बमोजिमको सदस्य हुनको लागि कुनै विश्वविद्यालय वा सो अन्तर्गतका निकायमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हाँसिल गरेको हुनुपर्नेछ।

(3) उपदफा (1) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(4) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धीत क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(5) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार: (1) छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासँग सम्बन्धीत अन्य कार्यहरु गर्ने।

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने।

(ग) परीक्षाको लागि दिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाँउ कार्यपालिका समक्ष सिफारिस गर्ने।

(घ) प्रमुख परीक्षक, परीक्षक तथा प्रश्नपत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने।

(ङ) परीक्षा सम्बन्धी आचारसंहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने।

(च) परीक्षाको आचारसंहिता उल्लघंन गर्ने व्यक्ति उपर आवश्यक कारबाही गर्न गाँउ कार्यपालिका समक्ष सिफारिस गर्ने।

(छ) परीक्षाफल प्रकाशित भएको छ महिना पछि नियमित प्रक्रिया अपनाई उत्तरपुस्तिका धुल्याउने।

(ज) उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता तोक्ने।

(झ) छात्रवृत्ति निर्धारण समितिले दिएको नीति निर्देशनलाई पालना गर्ने।

(ञ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(2) छात्रवृत्ति छनौट समितिले उत्तरपुस्तिका परीक्षण गर्दा कायम गर्नुपर्ने गोपनियताको प्रयोजनको लागि सो उत्तरपुस्तिका संकेत नं.(कोडिङ) राख्नुपर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(3) छात्रवृत्ति छनौट समितिले कम्प्यूटर प्रणालीको प्रयोग गरी उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गर्न सक्नेछ।

१०.**उम्मेदवारको छनौट खुला प्रतियोगिताबाट गर्नुपर्ने:** (1) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक छात्रवृत्तिको लागि उम्मेदवार छनौट गर्दा खुला प्रतियोगिताबाट गरिनेछ।

(2) उपदफा (1) बमोजिम उम्मेदवार छनौट गर्दा विभिन्न विषयमा प्रदान गरिने छात्रवृत्तिको विषयगत रुपमा छुट्टाछुट्टै प्रतियोगितात्मक परीक्षा लिन सकिनेछ।

तर कुनै व्यक्तिको लागि छुट्टै परीक्षा लिइने छैन।

११.**छात्रवृत्ति आरक्षण गरिने:** (1) गाँउपालिकाले प्रदान गर्ने वा गाँउपालिकाको नाममा प्राप्त छात्रवृत्तिलाई सत प्रतिशत मानी सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई सत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ,

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि 25 प्रतिशत

(ख) महिलाको लागि 33 प्रतिशत

(ग) अपाङ्गको लागि 5 प्रतिशत

(घ) जनजातिका लागि 15 प्रतिशत

(ङ) दलितको लागि 15 प्रतिशत

(च) पिछडिएका दुर्गम क्षेत्रका व्यक्तिको लागि 7 प्रतिशत

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि पिछडिएका दुर्गम क्षेत्रका व्यक्ति भन्नाले धवलागिरी गाँउपालिकाको वडा नं. 1 मा स्थायी बसोबास गरेको व्यक्तिलाई जनाँउछ।

(2) उपदफा (1) को खण्ड (क) बमोजिम आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि आरक्षित 25 प्रतिशत स्थान देहायका समुदाय तथा व्यक्तिलाई देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ,

(क) खस आर्य समुदायको लागि 15 प्रतिशत

(ख) वेपत्ता पारिएका व्यक्ति तथा शहिदको परिवार तथा घाइते वा निजको सन्ततिको लागि 10 प्रतिशत

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि (1) वेपत्ता पारिएका व्यक्ति तथा सहिद भन्नाले जनयुद्ध, लोकतन्त्रका लागि सम्वत 2062/063 मा सञ्चालन भएको जनआन्दोलनमा वेपत्ता वा शहिद भएको व्यक्तिलाई जनाउँछ।

(2) घाइते भन्नाले जनयुद्ध, लोकतन्त्रका लागि सम्वत 2062/063 मा सञ्चालन भएको जनआन्दोलनको क्रममा घाइते भई अधिकार प्राप्त निकायको परिभाषा बमोजिम कम्तीमा पचास प्रतिशत अशक्त भई आजीवन अङ्गभङ्ग भएका व्यक्तिलाई जनाँउछ।

(3) उपदफा (1) को खण्ड (ख) बमोजिम महिलाको लागि आरक्षित ३३ प्रतिशत स्थान मध्ये 10 प्रतिशत स्थान दलित समुदायका महिलाका लागि आरक्षण गरिनेछ।

(4) यस नियम बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछ,

(क) दशमलव भन्दा पछि आएको अङ्क मध्ये सबै भन्दा बढि अङ्क ल्याउनेलाई एक स्थान थप गर्ने।

(ख) दशमलव पछिको अङ्क बरावर भएमा साधारण योग्यता क्रममा अगाडी रहेको उम्मेदवार भएको समुदायलाई एक स्थान थप गरिनेछ।

उदाहरणको लागि प्रतिशत निर्धारण गर्दा महिलातर्फ 5.5 प्रतिशत र अपाङ्ग तर्फ 5.2 प्रतिशत हुन आएमा महिला तर्फ 6 सिट र अपाङ्ग तर्फ 5 सिट कायम गरिनेछ। महिला तर्फ 5.5 प्रतिशत र अपाङ्ग तर्फ 5.5 प्रतिशत हुन आएमा साधारण योग्यताक्रममा जुन समुदायको व्यक्तिको नाम अगाडी रहेको छ सोही समुदायका लागि एकसिट थप गरिनेछ।

(5) यस नियम बमोजिम स्थान वितरण गर्दा जुन शैक्षिक संस्था वा स्थानको लागि छात्रवृत्ति प्राप्त भएको हो सो शैक्षिक संस्था वा स्थानको लागि साधारण समुह तथा स्थान आरक्षित गरिएको समुह समाहित हुनेगरी स्थान वितरण गर्नुपर्नेछ।

(6) यस नियम बमोजिम आरक्षित गरिएको स्थान र साधारण समुहको लागि छुट्टाइएको स्थानलाई प्रत्येक वर्ष समायोजन गर्न सकिनेछ ।

(7) कुनै समुहको लागि छुट्टाइएको स्थानमा सो समुहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समुहलाई छुट्टाइएको स्थान स्वत: साधारण समुहमा सर्नेछ ।

१२.**सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने:** गाँउपालिकाले छात्रवृत्तिको लागि लिइने परीक्षाको निमित्त देहायका कुराहरु खुलाई परीक्षा लिइने मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै नेपालबाट प्रकाशन हुने राष्ट्रिय स्तरको कुनै दैनिक पत्रिका मार्फत सार्वजनिक रुपमा सूचना प्रकाशन गरि दरखास्त आव्हान गर्नुपर्नेछ,

(क) परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता

(ख) दफा ११ बमोजिम आरक्षण गरिएको छात्रवृत्तिको संख्या

(ग) खण्ड (ख) बमोजिम आरक्षित गरिएको छात्रवृत्तिको लागि उम्मेदवारी दिनको लागि दरखास्त साथ पेश गर्नुपर्ने सिफारिस तथा अन्य कागजातहरुको विवरण ।

(घ) परीक्षा दस्तुर

(ङ) दरखास्त दिने स्थान र ढाँचा

(च) दरखास्त दिने माध्यम

(छ) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु

१३.**उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता:** (1) यस कार्यविधि बमोजिम लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले छनौट समितिले तोकिदिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(2) उपदफा (1) मा जुनसुकै कुरा लेखिएको भएता पनि छात्रवृत्ति उपलब्ध गराउने संघीय सरकार, प्रदेश, गाँउपालिका, कुनै निकाय वा शिक्षण संस्थाले छात्रवृतिको लागि छुट्टै शैक्षिक योग्यता र उत्तीर्ण प्रतिशत तोकेको रहेछ भने सो समेत पुरा गरेको हुनु पर्नेछ ।

१४.**दरखास्त बुझाउनु पर्ने:** दफा 11 बमोजिम प्रकाशित सूचना बमोजिमको परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको दस्तुर बुझाई सोही सूचनामा तोकिएको म्याद भित्र दफा ११ को खण्ड (च) बमोजिमको माध्यमबाट शिक्षा शाखामा दरखास्त बुझाउनु पर्नेछ ।

**१५.सिफारिस पेश गर्नुपर्ने:** (1) नियम ११ बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने देहायको व्यक्तिले नियम १३ बमोजिम दरखास्त बुझाँउदाका वखत आँफु सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहाय बमोजिमको निकायको सिफारिस पेश गर्नुपर्नेछ ।

(क) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ,

(ख) जनजातिले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा गाँउपालिका कार्यालयबाट,

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा गाँउपालिका कार्यालयबाट,

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले वडा कार्यालय वा गाँउपालिकाबाट,

(ङ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततिले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(2) उपदफा (1) को खण्ड(घ) बमोजिम पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित वडा कार्यालय वा गाँउपालिकाको सिफारिस पेश गर्दा निज दरखास्त दिंदाका वखत सोही स्थानमा स्थायी बसोवास गरेको पनि प्रमाणित गरेको हुनुपर्नेछ र त्यस्तो व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।

(3) उपदफा (1) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा(11) बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा(14) बमोजिम दरखास्त बुझाउने समयमा गाँउपालिकाले विपन्नको कारण खुलाई अनुसूची 1(ख) को ढाँचामा गरेको सिफारिस पेश गर्नुपर्नेछ।

**१६.खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने आधार:** (1) खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्नको लागि 100 अङ्कको लिखित परीक्षा सञ्चालन गरिनेछ।

(2) उपदफा (1) मा जुनसुकै कुरा लेखिएको भएतापनि चित्रकला, गायन, वाद्यवादन, नृत्य, सिलाई जस्ता प्रयोगात्मक परीक्षाको आधारमा छनौट गर्नुपर्ने विषयमा उम्मेदवार छनौट गर्दा छात्रवृत्ति छनौट समितिले सो सम्बन्धमा सूचना प्रकाशन गर्नु अघि नै छनौट सम्बन्धि छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ।

**आज्ञाले**
**ध्रुव रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**